# संघीय संसद
# राष्ट्रिय सभा
# संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः२४२
मितिः २०८१/०१/२१
समयः बिहान ११:०० बजे
प्रारम्भः बिहान ११:१५ बजे
अन्त्यः दिनको १:१५ बजे

**<u>छलफल तथा निर्णय</u> :-**

समितिको आज मिति २०८१/०१/२१ गते बसेको बैठकमा विपद् व्यवस्थापन (विपद् जोखिम न्यूनिकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभ) सम्बन्धमा भएका काम कारवाही, विपद् जोखिम न्यूनिकरणको लागि तयारी तथा भावी कार्ययोजना सम्बन्धमा माननीय उपप्रधानमन्त्री एवम् गृहमन्त्री रवि लामिछाने, गृह सचिव श्री एक नारायण अर्याल, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण प्राधिकरणका कार्यकारी निर्देशक श्री अनिल पोखेलसँग छलफल भई देहाय बमोजिम निर्णय भयोः-

१. अहिले देशभरी नै भईरहेको आगलागी लगायतका घटना र भविष्यमा हुन सक्ने विपद्लाई मध्यनजर गर्दै विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभका कार्यहरुको लागि स्रोत साधनको कमि हुन नदिन, तहगत एवम् अन्तर मन्त्रालय समन्वय कायम गर्दै प्रभावकारी रुपले विपद् व्यवस्थापन गर्न गृह मन्त्रालय र अर्थ मन्त्रालयलाई निर्देशन दिने।
२. समितिको आगामी बैठक मिति २०८१/०१/२३ गते बिहान ११:०० बजे बस्नेगरी आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति